"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका"

प.सं.२०८०/८१ मिति: २०८०/४/२५

च.नं.: 322

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल

श्री वडा कार्यालय (सबै)
तिलोत्तमा नगरपालिका, रुपन्देही ।

विषय: अनुदानको मल बिक्रेताको कार्यक्षेत्रमा संसोधन भएको सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकारबाट अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ बमोजिम स्थानीय तह मल वितरण व्यवस्थापन समिति तिलोत्तमा नगरपालिकाको बैठक मिति २०८०/४/२४ मा बसी यस नगरपालिकामा अनुदानको मल बिक्रेताको कार्य क्षेत्रमा संसोधन गर्ने निर्णय भएकोले सम्बन्धित सबैमा जानकारीका लागि बैठकको निर्णय प्रतिलिपी यसै साथ संलग्न राखी तहाँ पठाइएको व्यहोरा अनुरोध छ ।

माधव प्रसाद पोखेल
शाखा अधिकृत

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल
Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np
Manigram, Rupandehi

आज मिति २०८० ⁄ ०४ ⁄ २४ का दिन ५ बजे तिलोत्तमा नगरपालिकाका नगर उप प्रमुख एवं स्थानीय तह मल वितरण व्यवस्थापन समितिका संयोजक श्री जगेश्वर देवी चौधरी ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बैठक बसी अनुदान युक्त रासायनिक मल वितरण सम्बन्धमा तपसिलका प्रस्तावहरु उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

संयोजक श्री नगर उपप्रमुख श्री जगेश्वर देवी चौधरी

सदस्य श्री नारायण अर्याल, प्रमुख प्रशासकीय अधिकृत

सदस्य सचिव श्री  दोमलाल भुसाल

प्रस्तावहरु:

१. अनुदानको मल विक्रि अनुमतिका लागि प्राप्त निवेदन सम्वन्धमा ।

२. अनुदानको मल वितरक संस्थाको कार्यक्षेत्र पुनर्विचार सम्वन्धमा ।

३. विविध ।

निर्णयहरु:

**१. प्रस्ताव नं. १ सम्बन्धमा:** अनुदानको मल विक्रि अनुमति पाउँ भनी यस पालिकामा निवेदन दिएका तपसिलका संस्थाको सम्वन्धमा छलफल गरी निम्न अनुसार निर्णय गरियो ।

तपसिल:

| क्र.स. | निवेदकको नाम ठेगाना | माग भएको कार्यक्षेत्र वडा | निर्णय |
|---|---|---|---|
| १ | श्री वडा स्तरीय कृषि समिति संजाल, तिलोत्तमा १०, रुपन्देही | १० | सहकारी संस्था, फर्म वा कम्पनी वाहेकको संस्था भएकोले अनुदानको मल कारोवारको जिम्मा दिन नसकिने । (आधार: अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा १५ उप दफा ८) । |
| २ | श्री रोहिणि तिनाउ कृषि सहकारी संस्था लि., तिलोत्तमा १०, कान्छीबजार, रुपन्देही | १० | कृषि सामाग्री कम्पनी लि. ⁄ साल्ट ट्रेडिङ्ग कर्पोरेशनमा मल विक्रेता सूचिमा सूचीकृत भइ आएमा वडा नं १० कार्यक्षेत्र रहने गरी अनुदानको मल कारोवार गर्न अनुमति दिने । |
| ३ | श्री रुपन्देही साझा ट्रेडिङ्ग प्रा.लि., सि न पा ९ रुपन्देही | १२ | नगरपालिका वाहिर कार्यालय रहेकोले नगर पालिकाका लागि प्राप्त अनुदानको मल कारोवारको जिम्मा दिन नसकिने । |
| ४ | श्री गोकुल दुग्ध उत्पादक सहकारी संस्था लि. तिलोत्तमा १२, तुकतुकिया,रुपन्देही | १२ | कृषि सामाग्री कम्पनी लि. ⁄ साल्ट ट्रेडिङ्ग कर्पोरेशनमा मल विक्रेता सूचिमा सूचीकृत भइ आएमा वडा नं १२ कार्यक्षेत्र रहनेगरी अनुदानको मल कारोवार गर्न अनुमति दिने । |
| ५ | श्री गिता कृषि विउ विजन सप्लायर्स तिलोत्तमा ७, एकता टोल, रुपन्देही | ७ | व्यक्तिगत व्यवसाय भएकोले अनुदानको मल कारोवारको जिम्मा दिन नसकिने । (आधार: अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका,२०७७ को दफा १५ उप दफा ८) । |
| ६ | श्री टिकुलीगढ दुग्ध उत्पादक सहकारी संस्था लि. तिलोत्तमा १३ बनकटटी, रुपन्देही | १३ | कृषि सामाग्री कम्पनी लि. ⁄ साल्ट ट्रेडिङ्ग कर्पोरेशनमा मल विक्रेता सूचिमा सूचीकृत भइ आएमा वडा नं १३ कार्यक्षेत्र रहनेगरी अनुदानको मल कारोवार गर्न अनुमति दिने । |
| ७ | श्री तिलोत्तमा बहुमुखी सहकारी संस्था लि. प्रधान कार्यालय, तिलोत्तमा २ शंकरनगर, रुपन्देही | २ | सहकारी संचालन सम्वन्धि कागजात, सहकारीको अडिट प्रतिवेदन, अनुदानको मल कारोवारका लागि अनुमति माग गर्ने सम्वन्धमा भएको निर्णय प्रतिलिपी, वडा कार्यालयको सिफारिस पत्र साथ आई नगरपालिकामा सूचिकृत भएको मिति देखि वडा नं २ कार्यक्षेत्र रहनेगरी अनुदानको मल कारोवार गर्न अनुमति दिने । |

| | | | |
|---|---|---|---|
| ८ | लोक दृष्टि सामाजिक उद्यमी सहकारी संस्था लि., तिलोत्तमा नगरपालिका १४ | १३, १४ | वडा नं. १४ मा साना किसान सहकारी संस्था टिकुलिगढले सेवा प्रवाह गरिरहेकोले थप विक्रेता नियुक्त गर्न नसकिने । (आधारः अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को दफा १५ उप दफा ९) । |

**२. प्रस्ताव नं. २ सम्बन्धमाः** निर्णय नं. १. बाट थप भएका सहकारी समेत अनुदानको मल विक्रि वितरणमा सहभागी भए पश्चात संपूर्ण संस्थाहरुको साबिकको कार्यक्षेत्रमा पुनर्विचार गरेर तपसिल अनुसार नयाँ कार्यक्षेत्र कायम गरी जिम्मेवारी तोक्ने निर्णय गरियो ।

| क्र.स | संस्थाको नाम ठेगाना | साबिकको कार्यक्षेत्र वडा | हाल कायम कार्यक्षेत्र वडा | कैफियत |
|---|---|---|---|---|
| १ | श्री साना किसान कृषि स.सं.लि. वडा नं. १ | १,२ | १,३ | वडा नं. ३ को माग |
| २ | श्री तिलोत्तमा बहुमुखी सहकारी संस्था लि. प्रधान कार्यालय, तिलोत्तमा २ शंकरनगर, रुपन्देही | ० | २ | |
| ३ | श्री आनन्दवन कृषि स.सं.लि. वडा नं. ६, मणिग्राम | ३, ४, ६ | ४, ६ | |
| ४ | श्री साना किसान कृषि स.सं.लि. वडा नं. ५, मणिग्राम | ५, ९ | ५ | |
| ५ | श्री जन विकास कृषि स.सं.लि. वडा नं. १५, कोटिहवा | ७, १५ | ७, १५ | |
| ६ | श्री मिलिजुली बहुमुखी स.सं.लि. वडा नं. ८ | ८ | ८ | |
| ७ | साना किसान सहकारी संस्था लि. वडा नं. ९ करहिया | १०, १२ | ९ | वडा नं. ९ को माग |
| ८ | श्री रोहिणि तिनाउ कृषि सहकारी संस्था लि., तिलोत्तमा १०, कान्छीबजार, रुपन्देही | ० | १० | |
| ९ | श्री जनहित स्वावलम्बन बचत तथा ऋण स.सं.लि.वडा नं. ११ | ११ | ११ | |
| १० | श्री गोकुल दुग्ध उत्पादक सहकारी संस्था लि. तिलोत्तमा १२, तुकतुकिया,रुपन्देही | ० | १२ | |
| ११ | श्री टिकुलीगढ दुग्ध उत्पादक सहकारी संस्था लि. तिलोत्तमा १३ बनकट्टी, रुपन्देही | ० | १३ | |
| १२ | श्री साना किसान कृषि स.सं.लि. वडा नं. १४, टिकुलीगढ | १३, १४ | १४ | |
| १३ | श्री साना किसान कृषि स.सं.लि.वडा नं. १५ मधवलिया | १६ | १६ | |
| १४ | श्री साना किसान कृषि स.सं.लि.वडा नं. १७ गंगोलिया | १७ | १७ | |

**पुनश्चः** निर्णय नं. १. को क्र.सं. २, ४, ६ र ७ मा उल्लेखित सहकारी संस्था लि.हरु अनुदानित रासायनिक मल विक्रिको लागि छनौट भएता पनि अनुमति प्रमाण पत्र पेश नगरुन्जेल सम्मका लागि साविकका मल विक्रेता मार्फत नै विक्रि वितरण व्यवस्था मिलाउने निर्णय गरियो ।

**३. प्रस्ताव नं. ३ सम्बन्धमाः**

**क) उत्पादन सामाग्री आपुर्ती सम्बन्धमाः**

प्रत्येक वडामा कृषि उत्पादनमा बढावा दिने उद्येश्यले ति वडा कार्य क्षेत्र रहेका अनुदानको मल विक्रेता संस्थाले किसानलाई आवश्यक पर्ने उत्पादन सामाग्री (आवश्यक उन्नत विउ, विषादि लगायत) सहज रुपमा उपलब्ध गराउन आवश्यक पहल गर्नु पर्ने छ ।

**ख) बजार व्यवस्थापन सम्बन्धमाः**

उत्पादित वस्तुको सहज बजारका लागि सरकारले तोकेको मूल्यमा खरिद गर्नु अनुदानको मल विक्रेताको अनिवार्य जिम्मेवारी हुने छ ।